विधेयक संख्या :

# प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक


२०७५

प्रदेश सभा सचिवालय

प्रदेश नं.४, पोखरा, नेपाल

# उद्देश्य र कारण

प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्न केही राजस्व, कर  र शुल्क लगाउन आवश्यक भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो।

प्रस्तुत विधेयकले राजस्व, कर र शुल्कको निर्धारण, त्यस्तो कर र शुल्कको दर बढाउन, घटाउन साथै आंशिक वा पुरै छुट दिन सक्ने व्यवस्था गरेको छ ।

द्रष्टव्य : यो विधेयक अर्थ विधेयक हो ।

(किरण गुरुङ)
मन्त्री
आर्थिक मामिला तथा योजना मन्त्रालय

# प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावना** : प्रदेश सरकारको आर्थिक वर्ष २०७५/७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त कर लगाउने तथा राजस्व सङ्कलन र राजस्व प्रशासन सम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ।

(२) यो ऐन २०७५ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. **घरजग्गा रजिष्ट्रेशन शुल्कः** (१) प्रदेशभित्र घरजग्गा रजिष्ट्रेशन गर्दा अनुसूची –१ बमोजिम घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्कको सङ्कलन घर जग्गा रजिष्ट्रेशनका बखत सम्बन्धित गाउँपालिका वा नगरपालिकाले गर्नेछ ।

३. **सवारी साधन करः** (१) प्रदेशभित्र सवारी साधन दर्ता गर्दा अनुसूची –२ बमोजिम सवारी साधन कर लगाई असूल उपर गरिनेछ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा (ई-रिक्सा) मा गाउँपालिका वा नगरपालिकाले सवारी साधन कर लगाई असुल उपर गर्नेछ ।

४. **मनोरञ्जन करः** (१) प्रदेशभित्र सञ्चालित चलचित्र घर, व्यापारिक तथा व्यवसायिक प्रकृतिका मेला-महोत्सव र कन्सर्टमा अनुसूची –३ बमोजिम मनोरञ्जन कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको करको प्रशासन गाउँपालिका वा नगरपालिकाले गर्नेछ।

५. **विज्ञापन करः** प्रदेशमा विज्ञापन सामाग्री राखे वापतको विज्ञापन कर सम्बन्धित गाउँपालिका वा नगरपालिकाले लगाई असूल उपर गर्नेछ ।

६. **कृषि आयमा करः** प्रदेशभित्र कृषि उपजको प्रारम्भिक बिक्रीबाट प्राप्त हुने आयमा अनुसूची—४ बमोजिम लगाई असूल उपर गरिनेछ ।

७. **पर्यटन शुल्कः** (१) प्रदेशभित्र अनुसूची—५ बमोजिम पर्यटन शुल्क लगाई असूल उपर गरिनेछ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिका वा नगरपालिकाभित्र रहेका उद्यान, पार्क, सङ्ग्रहालय तथा नेपाल सरकारले प्रवेश शुल्क उठाउन अनुमति दिएका प्राचिन स्मारक र पुरातात्विक सम्पदामा प्रवेश गरे बापत सम्बन्धित गाउँपालिका वा नगरपालिकाले पर्यटन शुल्क लगाई असूल उपर गर्नेछ ।

८. **दहत्तर बहत्तर शुल्कः** (१) प्रदेशभित्र अनुसूची—६ बमोजिम रोडा, ढुङ्गा, गिट्टी, चिप्स, माटो, चुनढुङ्गा, बालुवा, दहत्तर-बहत्तरको सङ्कलनमा शुल्क लगाई असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्कको सङ्कलन सम्बन्धित गाउँपालिका वा नगरपालिकाले गर्नेछ ।

९. **दर बढाउन, घटाउन वा छुट दिन सकिनेः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आवश्यकता अनुसार यो ऐन र अन्य कानून बमोजिम लगाइएका कर र शुल्कको दर बढाउन, घटाउन वा त्यस्तो कर र शुल्क आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ। त्यस्तो दर बढाइएको, घटाइएको वा छुट दिइएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम करको दर बढाइएको, घटाइएको वा कुनै कर र शुल्क आंशिक वा पूर्ण रुपमा छुट दिइएको विवरण प्रत्येक वर्ष आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभामा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम दिइएको छुट सुविधाको कसैले दुरुपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधामा प्राप्त गरेको मालवस्तु अन्य प्रयोजनमा प्रयोग गरेमा त्यसरी छुट दिइएको कर र शुल्क रकम असूल उपर गरी सो रकम बराबर जरिवाना गर्नेछ।

१०. **प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्नेः** प्रचलित कर सम्बन्धी कानून तथा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र

व्यवस्थामा गम्भिर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपदको कारणले उल्लिखित कानूनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लिखित कानून तथा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

११. **सावेकको व्यवस्था कायम रहने:** (१) यस ऐनमा व्यवस्था भए बाहेकका बिषयमा साविकमा विभिन्न निकायबाट सेवा प्रदान गर्दा उठाइएका कर, गैरकर; सेवा शुल्क, दस्तुर अर्को कानूनी व्यवस्था नभएसम्म प्रचलित कानून बमोजिम नै साबिकमा रहेका दर यथावत कायम रहनेछन् ।

(२) प्रदेश सरकारका कर सङ्कलन गर्ने तथा सेवा प्रदान गर्ने संरचना नबनेसम्म हाल उठाइरहेका निकायहरूबाट यस ऐन बमोजिम एवम् दफा ११ को उपदफा (१) बमोजिमको कर, गैरकर, सेवा शुल्क, दस्तुर सङ्कलन गरी प्रदेश तथा स्थानीय सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ । राजस्व दाखिला गर्ने सम्बन्धी अन्य व्यवस्था आर्थिक मामिला तथा योजना मन्त्रालयबाट तोकिए अनुसार हुनेछ।

मामिला तथा योजना
प्रदेश नं. ४
पोखरा, नेपाल

## अनुसूची– १
(दफा २ सँग सम्बन्धित)

## घर जग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र घरजग्गा रोक्का शुल्क

### क. घर जग्गा रजिष्ट्रेशन शुल्क

| सि. नं | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | महानगरपालिका क्षेत्रको शुल्क | नगरपालिका क्षेत्रको शुल्क | गाउँपालिका क्षेत्रको शुल्क |
| १ | राजीनामा, सट्टापट्टा र सँगोलनामाको लिखत<br>(क) राजीनामा, सट्टापट्टा, र सँगोलनामाको लिखतको थैली अंकमा<br>(ख) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन आवास इकाईको लिखतको थैली अंकमा<br>(ग) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन सहितको घर जग्गाको लिखतको थैली अङ्कमा | ५%<br>४%<br>५% | ४%<br>२%<br>४% | २%<br>१%<br>२% |
| २. | छोडपत्र<br>दर्ताफारी (संयुक्त दर्तावालाबीचको) लिखितको थैली अङ्कमा | ३% | २% | १.५% |

| | | | | |
|---|---|---|---|---|
| ३.. | <u>हालै देखिको वकसपत्रको लिखत</u><br>हालैदेखिको वकसपत्रको लिखतको थैली अंकमा<br>(क) बाजे, बज्यै, आमा, बावु, पति, पत्नी, दाजु, भाउजु, भाइ, भाइबुहारी दिदी, बहिनी, छोरा, छोराबुहारी, छोरी, जेठाजु, जेठानी, देवर, देउरानी, भतिजा, भतिजी, नाति, नातिनी, नातिनी वुहारी, काका, काकी, ठूलो-बुवा, ठूली आमा (वावु तर्फका) आमाजु, नन्द, सौता-सौता र एकै दाजु भाईको छोरा, छोरी बीच। | | | |
| | (अ) रू.१ लाखसम्मको थैली अङ्कमा | १.५% | १% | ०.५% |
| | (आ) रू.१ लाखभन्दा माथि जतिसुकै थैली अङ्कमा | २.५% | २% | १% |
| | (ख) अन्य वकसपत्र र दानपत्रको थैली अङ्कमा | १५% | १५% | १०% |
| | **<u>स्पष्टीकरणः</u>**<br>सरकारी विश्व विद्यालय, सरकारी क्याम्पस/कलेज, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल, नेपाल नेपाल सरकार प्रदेश सरकार र स्थानीय तहका कार्यालय, तीनवटै सरकारको नाममा प्राप्त हुने दानपत्रको लिखतमा कुनै शुल्क लाग्ने छैन | | | |

| | | | | |
|---|---|---|---|---|
| | । | | | |
| ४. | <u>अंशवण्डा तथा अंश भर्पाईको लिखत</u><br>अंशवण्डा तथा अंश भर्पाईको लिखतमा<br>(क) रू.३० लाखसम्मको थैली अङ्कमा<br>(ख) रू.३० लाख भन्दा वढी रू.२ करोड सम्मको थैली अङ्कमा<br>(ग) रू.२ करोड भन्दा माथिको थैली अङ्कमा | ०.२%<br>०.५%<br>१% | ०.२%<br>०.५%<br>१% | ०.२%<br>०.५%<br>१% |
| ५. | <u>मानो छुट्टिएको र मानो जोडिएको लिखत</u><br>(क) मानो छुट्टिएको प्रति लिखत<br>(ख) मानो जोडिएको प्रति लिखत | रू.१२०००।<br>रू.१५०००। | रू.१००००।<br>रू.१००००। | रू. ५०००।<br>रू. ५०००। |
| ६. | <u>शेषपछिको वकसपत्रको लिखत</u><br>शेषपछिको वकसपत्र/ अष्टलोहको प्रतिलिखत<br>(क) तीन पुस्ताभित्रको<br>(ख) तीन पुस्ताबाहिरको | रू. ७०००।<br>रू.१२०००। | रू.५०००।<br>रू.७०००। | रू. २०००।<br>रू. ४०००। |
| ७.. | <u>बन्धकीको लिखत</u><br>दृष्टिबन्धकी, भोगबन्धकी र लखबन्धकीको लिखतको थैली अंकमा | १% | १% | १% |
| ८. | <u>धर्मपुत्र, धर्मपुत्रीको लिखत</u><br>धर्मपुत्र, धर्मपुत्रीको प्रति लिखतमा<br>(क) तीन पुस्ताभित्रको नातामा | रू.१०००।<br>रू.७०००। | रू.१०००।<br>रू.५०००। | रू.१०००।<br>रू.४०००। |

| | | | | |
|---|---|---|---|---|
| | (ख) तीन पुस्ता बाहिरकोमा | | | |
| ९. | अधिकारनामा, मञ्जुरीनामा र अख्तियारनामाको लिखत<br>अधिकारनामा, मञ्जुरीनामा र अख्तियारनामाको लिखत | रू.२०००। | रू.२०००। | रू.२०००। |
| १०. | कपाली तमसुक र करारनामाको लिखत<br>दाखील खारेज नहुने कपाली तमसुक र करारनामाको प्रति लिखत | १% | १% | १% |
| ११. | सि.नं. ४ को अंशवण्डा तथा अंश भर्पाईको लिखत घर जग्गा भएको कुनै गाउँपालिका तथा नगरपालिकामा पारित गर्न सकिनेछ र सो बाहेकका अन्य सि.नं. १ देखि ८ सम्मका घर जग्गा रजिष्ट्रेशन शुल्क लाग्ने लिखतहरू अर्को गाउँपालिका तथा नगरपालिकामा पारित गर्न सकिने छैन । | | | |

**ख. सेवा शुल्कः**

| सि. नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | महानगरपालिका क्षेत्रको शुल्क | नगरपालिका क्षेत्रको शुल्क | गाउँपालिका क्षेत्रको शुल्क |
| १. | <u>लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर शुल्क</u><br>लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर दस्तुरः<br>(क) तराई क्षेत्रमा<br>(ख) अन्य क्षेत्रमा | रू.२००००।<br>रू.२००००। | रू.१००००।<br>रू.१००००। | रू. ५०००।<br>रू. ५०००। |
| २. | <u>वित्तीय धितो</u><br>नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त बैंक, वित्तीय तथा सहकारी संस्थाबाट दिने कर्जाको धितोबन्धक वा दृष्टिबन्धक लिखतमा | | | |
| | (क) रू.१ लाख सम्मको लिखतको थैली अङ्कमा | रू. १०००। | रू. १०००। | रू. १०००। |
| | (ख) रू.१ लाख भन्दा बढी रू.५ लाख सम्मको थैली अङ्कमा | रू. १५००। | रू. १५००। | रू. १५००। |
| | (ग) रू.५ लाख भन्दा बढी रू.१० लाख सम्मको थैली अङ्कमा | रू. २५००। | रू. २५००। | रू. २५००। |

| | | | | |
|---|---|---|---|---|
| | (घ) रू.१० लाख भन्दा बढी रू.२० लाख सम्मको थैली अङ्कमा | रू. ३०००। | रू.३०००। | रू.३०००। |
| | (ङ) रू.२० लाख भन्दा बढी रू.५० लाख सम्मको थैली अङ्कमा | रू.१००००। | रू.१००००। | रू.१००००। |
| | (च) रू.५० लाख भन्दा बढी रू.१ करोड सम्मको थैली अङ्कमा | रू.३००००। | रू.३००००। | रू.३००००। |
| | (छ) रू.१ करोड भन्दा बढी रू.२ करोड सम्मको थैली अङ्कमा | रू.४०,०००। | रू.४०,०००। | रू.४०,०००। |
| | (ज) रू.२ करोड भन्दा बढी रू.५ करोड सम्मको थैलीमा अङ्कमा | रू. ८०,०००। | रू. ८०,०००। | रू. ८०,०००। |
| | (झ) रू.५ करोड भन्दा बढी जतिसुकै थैली अङ्कमा | रू. १५०,०००। | रू. १५०,०००। | रू. १५०,०००। |
| ३. | <u>लीज</u><br>सरकारी जग्गा लिजमा उपलब्ध गराउने | सरकारी जग्गा दर्ता तथा लीजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ को अनुसूची-१ अनुसारको शुल्क लाग्नेछ । | | |
| ४. | <u>जग्गाधनी दर्ता श्रेस्ताको प्रतिलिपिको लागि (टिकट बाहेक) प्रति पुर्जा</u><br>(क) तराई क्षेत्र<br>(ख) अन्य क्षेत्र<br><u>नोटः</u> जुनसुकै प्रयोजनको लागि प्रतिलिपि लिंदा समेत लागू हुनेछ | रू.१०००।<br>रू.१०००। | रू. ५००।<br>रू. ३००। | रू. २००।<br>रू. १००। |

| | | | | |
|---|---|---|---|---|
| ५.. | दाखिल खारेज शुल्क<br>(क) करार अनुसार लिखत पारित गर्न ठहऱ्याएको फैसला वा मिलापत्र अनुसारको दाखिल खारेज गर्दा | ५% | ४% | २% |
| | (ख) अन्य मिलापत्र (अंश र अपुताली बाहेक) को दाखिल खारिज गर्दा | ३% | २% | १% |
| | (ग) बैंक वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार गरी बैक तथा वित्तीय संस्थाको पत्रानुसार व्यक्तिको नाउमा दा.खा. गर्दाको थैली अङ्कमा | ५% | ४% | २% |
| | (घ) बैंक वित्तीय संघ वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार नगरी ऋणीकै नामबाट वैक वित्तीय संघ वा सहकारी संस्थाले आफ्नो नाउँमा  दाखिल खारेज गर्दा  प्रति मिसिल | रू.७०००। | रू. ५०००। | रू. २०००। |
| | (ङ) बैंक, वित्तीय संस्था  वा सहकारी संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो | २.५% | २% | १% |

| | | | | | |
|---|---|---|---|---|---|
| | | लिलाममा बैंक वा संस्था आफैले सकार गरेपछि सम्बन्धित ऋणीलाई नै फिर्ता गर्दा पारित गर्ने लिखतको थैली अङ्कमा<br>(१) भूमिसुधार कार्यालयबाट जग्गा बाँडफाँट भई दा.खा. हुन आउँदा प्रति मिसिल<br>(२) अदालत वा न्यायिक निकायको फैसला बमोजिम लिलाम बढाबढ गरी दाखिल खारेज गर्दा प्रति मिसिल | रू. ५००।<br>रू.५०००। | रू. ३००।<br>रू. १०००। | रू. २००।<br>रू. ५००। |
| | | (च) शेषपछिको बकसपत्रको दाखिल खारेज<br>(क) तीनपुस्ता भित्रको भए<br>(ख) तीनपुस्ता बाहिरको भए (थैली अंक) मा | सबै क्षेत्रका लागि अंशबण्डा सरह<br>सबै क्षेत्रका लागि राजीनाम सरह | | |
| ६. | नामसारी | नामसारी<br>(क) तीनपुस्ता भित्रको नामसारी गर्दा<br>(ख) तीनपुस्ता भन्दा बाहिरको नामसारी गर्दा | रू.१५००।<br>रू.३५००। | रू. १०००।<br>रू. ३०००। | रू. ५००।<br>रू. १५००। |
| ७. | हालसाविक | पुनः नापजाँच पछिको श्रेस्ता हाल साविक तथा अध्यावधिक गर्दा प्रति मिसिल | रू. ४००। | रू. २००। | रू. १००। |
| ८. | घर | श्रेस्ता पूर्जामा घर जनाउने प्रति निवेदनमा | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | कायम | | रू.२५००। | रू. २०००। | रू. ५००। |
| ९.. | संशोधन शुल्क | मालपोत ऐन, २०३४ को दफा ७(३) अनुसारको विवरणमा संशोधन गर्नु पर्दा प्रति मिसिल | रू. ३००। | रू. १००। | रू. ५०। |
| १०. | रोक्का शुल्क | (क) लिखत रजिष्ट्रेशन भएकोमा (थैली अङ्क जतिसुकै भएपनि) | नलाग्ने | नलाग्ने | नलाग्ने |
| | | (ख) लिखत रजिष्ट्रेशन नहुनेमा | | | |
| | | (अ) रू.१ लाख सम्मको ऋण अङ्कमा | रू. ५००। | रू. ३००। | रू. २००। |
| | | (आ) रू.१ लाख भन्दा वढी रू.५ लाखसम्मको ऋण अङ्कमा । | रू. ८००। | रू. ५००। | रू. ३००। |
| | | (इ) रू.५ लाख भन्दा बढी जतिसुकै ऋण अंकमा | रू.१०००। | रू. ७००। | रू. ५००। |
| | | (ई) ऋण अङ्क नखुलेकोमा | रू.५०००। | रू. ३०००। | रू. २०००। |

**ग. विविधः**

| | |
|---|---|
| १. | धर्मपुत्र, अधिकारनामा र शेषपछिको बकसपत्र लिखत बाहेक अन्य सबै |

| | |
|---|---|
| | प्रकारको लिखतमा थैली अङ्क अनिवार्य खुलाउनु पर्नेछ । |
| २. | जलविद्युत उद्योग, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपंक्षीपालन, अलैंची खेती, अदुवा खेती, जडिबुटी खेती एवं फलफूल उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचहत्तर प्रतिशत छुट हुनेछ । तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असूल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ । |
| ३. | सामुहिक खेती योजना अन्तर्गत कृषि उत्पादन बढाउने उद्देश्यले व्यक्तिहरू मिली जग्गाको चक्ला मिलाई खेती गर्ने उद्योग खोली त्यस्तो उद्योगको नाममा लिखत पारित भएमा सो मा लाग्ने रजिष्ट्रेशन दस्तुरमा पचहत्तर प्रतिशत छुट हुनेछ । तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असूल गरी सोही रकम बराबर जरिवाना गर्नुपर्नेछ। |
| ४. | प्रदेशभित्र सूर्ती, चुरोट, खैनी, गुट्खा, पानपराग, प्लाष्टिक र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्ने उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क २५ प्रतिशत छुट हुनेछ । तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा सम्बन्धित गाउँपालिका वा नगरपालिका वा महानगरपालिकाले छुट भएको रजिष्ट्रेशन शुल्क असूल गरी सोही रकम बराबर जरिवाना गर्नुपर्नेछ। |
| ५. | (क) प्रदेश भित्र कृषि ऋण, बीमा संस्थान, बीमा समितिबाट स्वीकृति प्राप्त बीमा कम्पनी, विश्वविद्यालय, बैंक तथा वित्तीय संस्थाहरूले आफ्ना बहालवाला कर्मचारीहरूलाई सेवा शर्त बमोजिम दिने ऋण सुविधाको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ । तर सेवा शुल्क रू.२०००।– लाग्नेछ । |
| | (ख) प्रदेश भित्र कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोषले नियमित बचत जम्मा गर्ने आफ्ना सञ्चयकर्ताहरूलाई ऋण सुविधा उपलव्ध गराउँदा लिने धितोको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ । तर सेवा शुल्क रू.१०००।– लाग्नेछ |

| | |
|---|---|
| ६. | (क) सहकारी ऐन, २०७४ वमोजिम दर्ता भई सञ्चालनमा रहेका सहकारी संस्थाहरूले आफ्ना शेयर सदस्यहरूबीच ऋण लगानी प्रवाह गर्दा तीस लाख रुपैयाँ सम्मको थैली अङ्कमा रोक्का शुल्क वाहेक सेवा शुल्क छुट हुनेछ । सो भन्दा माथिको थैली अंकमा खण्ड ख. सेवा शुल्क महलको सि.नं. २ वमोजिमको सेवा शुल्क लाग्ने छ । |
| ७. | जन आन्दोलन पहिलो र दोश्रो, जनयुद्ध र मधेश आन्दोलमा सहादत प्राप्त गरेका शहिदका आश्रित पति, पत्नि, छोरा र छोरी तथा माता–पिताको नाममा स्वमित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लाग्ने सबै प्रकारको शुल्क र शुल्क पूर्ण रूपमा छुट हुनेछ। |
| ८. | अपाङ्गता भएका व्यक्ति, दलित एवम् पिछडिएका जाती भनी स्थानीय तहबाट प्रमाणित भएको सिफारिस वा अधिकारिक प्रमाणको आधारमा तिनीहरूको नाममा स्वामित्व प्राप्त हुँदा तीस लाखसम्मको थैली अङ्कमा यस ऐन वमोजिम असुल गरिने घर जग्गा रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ । |
| ९. | क) महिला, सत्तरी वर्ष भन्दा बढी उमेरका ज्येष्ठ नागरिक र नाबालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ ।<br>तर एकल महिलाको हकमा भने पैतिस प्रतिशत छुट हुनेछ ।<br>देहायमा उल्लिखित हिमाली क्षेत्रका जिल्लाका सदरमुकाम बाहेकका गाउँपालिकाको हकमा ५०% छुट हुनेछ ।<br>(अ) मनाङ र मुस्ताङ जिल्लाका सदरमुकाम रहेका गाउँपालिका बाहेक<br>(आ) गोरखा जिल्लाको चुमनुब्री गाउँपालिका |
| | (ख) हाल पति वा पत्नीको नाममा कायम रहेको घर जग्गाको स्वामित्व परिवर्तन गरी पति–पत्नी दुवैको संयुक्त स्वामित्वको रुपमा लिखत गर्न चाहेमा सो संगोलनामाको लिखतमा रू.१००।– मात्र रजिष्ट्रेशन शुल्क लाग्नेछ । |
| | (ग) ३०० जना भन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक |

| | |
|---|---|
| | उद्योग स्थापना गर्न वा विस्तार गर्नका लागि जग्गा खरीद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कको लिखतमा ५०% छुट दिइनेछ। तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ । |
| १०. | भूमिहिन, मुक्त कमैया र मुक्त हलिया परिवारले सहुलियत ऋण र अनुदान प्राप्त गरी खरीद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का शुल्क पूर्ण रूपमा छुट हुनेछ। |
| ११. | बैक, वित्तीय एवं सहकारी संघ वा संस्था र अदालतबाट भई आएको मिलापत्र अनुसार दाखिल खारेज गर्नुपर्दा सेवा शुल्क असुल गर्ने प्रयोजनको लागि मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्य र मिलापत्र वा बैक, वित्तीय एवं सहकारी संघ संस्थाको पत्रमा उल्लेख भएको मूल्य मध्ये जुन बढी हुन्छ सोहीलाई कायम गर्नु पर्नेछ । |
| १२. | प्रदेश सरकारले चाहेमा धार्मिक तथा सामाजिक हितका निमित्त स्थापित नेपालमा दर्ता भएका संघ संस्था वा निकायले आफ्नो नाउँमा निःशुल्क रुपमा प्राप्त गर्ने जग्गाको लिखत पारित गर्दा ५० प्रतिशत रजिष्ट्रेशन शुल्क छुट दिन सक्नेछ । |
| १३. | प्रदेशभित्र यो ऐन लागू हुँदाका वखत प्रदेश वा स्थानीय तहबाट घोषणा भएका वा यस पछि घोषणा हुने नगरपालिकाको हकमा त्यस्ता नगरपालिकाको नाम र क्षेत्र निर्धारण गरी प्रदेश सरकार वा स्थानीय तहले राजपत्रमा सूचना प्रकाशित गरेको मितिदेखि यस अनुसूची वमोजिमको घर जग्गा रजिष्ट्रेशन शुल्क र सेवा शुल्क लाग्नेछ । |
| १४. | सहकारी ऐन, २०७४ अन्तर्गत दर्ता भएका बचत तथा ऋण सहकारी संस्थाहरू बाहेक अन्य सहकारी संस्थाहरूले संस्थाको प्रयोजनको लागि मात्र पहाडी क्षेत्रमा २ रोपनी, तराई र भित्री मधेशमा ३ कठ्ठासम्म जग्गा र भवन खरीद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क सहकारी विभागको सिफारिसमा लाग्ने रजिष्ट्रेशन शुल्क पूर्ण रुपमा छुट हुनेछ, तर त्यस्ता सहकारी संस्थाले रजिष्ट्रेशन शुल्क छुट सुविधामा खरिद गरेको जग्गा तथा भवन संस्था गाभिएको वा विघटन भएको अवस्थामा वाहेक बिक्री गरेमा पहिले छुट दिएको रजिष्ट्रेशन शुल्क असूल उपर गरिनेछ । |

| | |
|---|---|
| १५ | विविधको क्रमसंख्या ७,८,९र१०बमोजिम छुट दिँदा एकै व्यक्तिलाई एकभन्दा बढी आधारमा छुट पाउने भएमा सबैभन्दा बढी कुनै एकमात्र छुट दिइने छ। |
| १६ | एउटै कारोवारबाट १० लाख रूपैयाँ वा सोभन्दा माथिको घर वा जग्गा खरीद बिक्री गर्दा क्रेताले बैंकबाट भुक्तानीको लागि योग्य (गुड फर पेमेन्ट) भनी छाप लागेको चेकको फोटोकपी पेश गरेपछि वा बिक्रेताका नाममा बैंकमा रहेको खातामा रकम जम्मा गरेको बैंक भौचरको फोटोकपी पेश गरेपछि मात्र मालपोत कार्यालयले लिखत पारित गर्नु पर्नेछ । |
| १७ | पति पत्नीको संयुक्त नाममा पारित हुने लिखतमा महिला सरह रजिष्ट्रेशन शुल्क छुट दिइनेछ । |
| १८ | तीनपुस्ता भित्र छोरी वा नातिनीहरूमा संयुक्त नामसारी भई दर्ताफारी गर्दा क्रमसंख्या २ मा उल्लिखित छोडपत्रको दररेटको आधा शुल्क लाग्नेछ । |
| १९ | नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह अन्तर्गत कुनै एक निकायको नाममा रहेको जग्गा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह वा सो अन्तर्गतको अन्य निकायको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्नुपर्दा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन । |
| २० | कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा नेपाल सरकार वा प्रदेश वा स्थानीय सरकारको कुनै निकायलाई निःशुल्क रूपमा प्राप्त भएमा वा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकार वा सरकारको कुनै पनि निकायले खरीद गरी लिएमा सोमा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन। |
| २१ | महानगरपालिका र नगरपालिका क्षेत्रभित्रको पारित हुने लिखतमा घरजग्गा रजिष्ट्रेशन शुल्कको सि.नं. १, २ र ३ मा उल्लेख गरिएको रजिष्ट्रेशन लिखतको थैली अङ्कको शुन्य दशमलव पाँच प्रतिशत थप शुल्क असूल गरिनेछ । यस्तो रकम नगरपालिकाहरूले छुट्टै कोष खडा गरी ढल प्रशोधन, स्वच्छ खानेपानी, वृक्षारोपण र पर्यावरण सुधार लगायतका सहरी पूर्वाधार र सौन्दर्य विकासमा मात्र खर्च गर्न पर्नेछ । |

**अनुसूची– २**

(दफा ३ सँग सम्बन्धित)

# सवारी साधन कर

| | |
|---|---|
| सवारी साधन कर | |
| १. निजी सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः- | |
| सवारीको किसिम | |
| (क) कार, जिप, भ्यान, माइक्रो बस | वार्षिक कर दर |
| (अ) १००० सी.सी. सम्म | रु. १९,०००।- |
| (आ) १००१ देखि १५०० सी.सी. सम्म | रु. २१,०००।- |
| (इ) १५०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु. २३,०००।- |
| (ई) २००१ सी.सी. देखि २५०० सी.सी. सम्म | रु. ३२,०००।- |
| (उ) २५०१ सी.सी. देखि २९०० सी.सी. सम्म | रु. ३७,०००।- |
| (ऊ) २९०१ सी.सी. देखि माथि सबै | रु. ५३,०००।- |
| (ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण र मिनीटिपर | |
| (अ) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | रु. ३५,०००।- |
| (आ) मिनीटिपर | रु. २५,०००।- |
| (ग) थ्री ह्वीलर, टेम्पो, ट्रेक्टर र पावर टिलर | |
| (अ) थ्री ह्वीलर र टेम्पो | रु. ५,०००।- |
| (आ) ट्रेक्टर | रु. ४,०००।- |

| | |
|---|---|
| (ई) पावर टिलर | रु. ३,०००।- |
| (घ) मिनिट्रक/मिनिबस | रु.२२,०००।- |
| (ङ) ट्रक र बस | रु..३२,०००।- |
| **(च) मोटर साइकल तथा स्कुटर** | |
| (अ) १२५ सी.सी. सम्मको | रु. .२५००।- |
| (आ) १२६ देखि २५० सी.सी. सम्म | रु. .४,०००।- |
| (इ) २५१ देखि ४०० सी.सी. सम्म | रु. ८,०००।- |
| (ई) ४०१ सी.सी. र सो देखि माथि | रु. १५,०००।- |
| **२. भाडामा दर्ता भएका सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः-** | |
| सवारीको किसिम | |
| (क) कार, जिप, भ्यान, माइक्रो बस | वार्षिक कर दर |
| (अ) १३०० सी.सी.सम्म | रु.८,०००। |
| (आ) १३०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु. ९,०००। |
| (इ) २००१ सी.सी.देखि २९०० सी.सी.सम्म | रु. ११,०००। |
| (ई) २९०१ सी. सी. देखि ४००० सी.सी. सम्म | रु. १३,०००। |
| (उ) ४००१ सी.सी. र सोभन्दा माथि सबै | रु. १५,०००। |
| (ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | रु. १७,०००। |
| (ग), थ्री ह्वीलर र टेम्पो | रु. .४,०००। |

| | |
|---|---|
| (घ) ट्रेक्टर | रु. २,५०० । |
| (ङ) पावर टिलर | रु. २,००० । |
| (च) मिनीट्रक, मिनीबस | रु. १२,००० । |
| (छ) मिनी ट्रिपर | रु. १४,००० । |
| (ज) ट्रक, बस | रु. १६,००० । |
| (झ) तेल टयांकर, ग्याँस बुलेट, ट्रिपर | रू.१२,००० । |

| | |
|---|---|
| ३. | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको नाउँमा दर्ता भएका सवारी साधनहरूलाई भाडामा दर्ता भएका सवारी साधनमा लाग्ने सरह कर लाग्नेछ । |
| ४. | बिद्युतीय माध्यमद्वारा सञ्चालित सवारी साधनमा सवारी साधन कर लाग्ने छैन । पेट्रोलियम पदार्थ बाहेक अन्य इन्धनद्वारा सञ्चालन हुने सवारी साधनमा माथि दफा १ र २ बमोजिम लाग्ने सवारी साधन करमा बीस प्रतिशत छुट हुनेछ । |
| ५. | सुरु पैठारी मितिले एक वर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन कर कट्टा गरिनेछ । तर व्यापार मौज्दातमा रहेका सवारी साधनमा यस्तो कर लाग्ने छैन। |
| ६. | सवारी साधन बिग्रेको वा अन्य कुनै कारणबाट सो सवारी साधन चलाउन नपाएको भनी संघ, प्रदेश र स्थानीय सरकारले ठहऱ्याएको कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता भएको सवारी साधनलाई सवारी साधन कर लाग्ने छैन । |
| ७. | भाडाका बस, मिनीबस तथा माइक्रोबसका सवारी साधनले विद्यार्थीलाई सहुलियतको रूपमा भाडामा छुट दिए बापत त्यस्ता सवारी साधनका धनीले तिर्नु पर्ने सवारी साधन करमा साठी प्रतिशत छुट पाउनेछन् । |
| ८. | जुनसुकै सवारी साधनका धनीले चाहेमा लाग्ने सवारी साधन कर प्रचलित दरका आधारमा एकमुष्ठ रुपमा पाँच वर्षसम्मका लागि एकैपटक भुक्तानी गरी नवीकरण गराउन सक्नेछन् । यसरी |

| | |
|---|---|
| | अग्रिम रूपमा पाँच बर्षको सवारी साधन कर एकमुष्ट बुझाई नवीकरण गराएमा लाग्ने सवारी साधन करमा दस प्रतिशत छुट हुनेछ । |
| ९. | सार्वजनिक संग्रहालयमा प्रदर्शनीका लागि राखिएका बीस वर्षभन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नुपर्ने सवारी साधन कर लाग्ने छैन । |
| १०. | दफा १ र २ मा जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स तथा शव वाहनलाई सवारी साधन कर लाग्ने छैन । |
| ११. | दश लाख रुपैयाँ भन्दा बढीको सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्ट पेयी चेकबाट मात्र बिक्रेतालाई रकम भुक्तानी गर्नु पर्नेछ । |
| १२. | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाईका १५० सी.सी. सम्मका स्कूटरमा सवारी साधन कर लाग्ने छैन। |
| १३. | नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय सरकारले जफत गरी लिलाम बिक्री गरेको सवारी साधनमा सो मिति भन्दा अगाडिको अवधिको यस्तो कर लाग्ने छैन । |

## अनुसूची– ३

(दफा ४ सँग सम्बन्धित)\]

## मनोरञ्जन कर

| सि.नं. | शीर्षक | महानगरपालिका | नगरपालिका | गाउँपालिका |
|---|---|---|---|---|
| १. | चलचित्र घर | प्रवेश शुल्कमा १५% | प्रवेश शुल्कमा १०% | प्रवेश शुल्कमा ५% |
| २. | व्यापारिक तथा व्यवसायिक प्रयोजनको लागि सञ्चालन गरिने मेला-महोत्सव | २० हजार | १० हजार | ५ हजार |
| ३. | व्यापारिक तथा व्यवसायिक प्रयोजनको लागि सञ्चालन गरिने कन्सर्ट | तीन हजार | दुई हजार | एक हजार |

४. माथि सि.नं. २ मा जुनसुकै कुरा लेखिएको भए तापनि सात दिन भन्दा बढी समयसम्म व्यापारिक तथा व्यवसायिक प्रयोजनको लागि सञ्चालन गरिने मेला-महोत्सवमा उल्लिखित करको दरमा शत प्रतिशत थप कर लाग्नेछ ।

५. माथि सि.नं. ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि एक दिन भन्दा बढी समयसम्म व्यापारिक तथा व्यवसायिक प्रयोजनको लागि सञ्चालन गरिने कन्सर्टमा उल्लिखित करको दरमा शत प्रतिशत थप कर लाग्नेछ ।

## अनुसूची–४

(दफा ६ सँग सम्बन्धित)

## कृषि आयमा कर

प्राकृतिक व्यक्तिले प्रारम्भिक कृषि उपजको उत्पादनबाट प्राप्त आयमा देहाय बमोजिम कर लाग्नेछः

१. वार्षिक दश लाख रुपैंयाँसम्मको आयमा कर लाग्ने छैन।

२. त्यसपछिको बिस लाख रुपैंयाँसम्मको आयमा एक प्रतिशतका दरले कर लाग्नेछ।

३. बिस लाखभन्दा माथि जतिसुकै आय भए पनि दुई प्रतिशतका दरले कर लाग्नेछ।

४. प्रदेशको कर संकलन गर्ने संरचना तयार नभएसम्म कृषि आयको कर संकलन गर्ने स्थानीय तहलाई अधिकार प्रत्यायोजन गर्न सकिनेछ ।

५. वार्षिक दश लाख रुपैंयाँभन्दा बढीको प्रारम्भिक कृषि उपजबाट आय आर्जन गर्ने प्राकृतिक व्यक्तिले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सम्बन्धित स्थानीय तहमा स्वयम् कर घोषणा गरी आय विवरण र सोमा लाग्ने कर सहित पेश गर्नु पर्नेछ । यसरी पेश हुन आएका विवरण तथा कर दाखिला सम्बन्धी विवरण स्थानीय तहले अर्को महिनाको ३० गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा दिनु पर्नेछ ।

६. स्थानीय तहले सङ्कलन गरेको करको दुई प्रतिशत कर सङकलन सेवा शुल्क वापत कट्टा गरी बाँकी रकम अर्को महिनाको ३० गतेभित्र प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

७. तोकिएको समयभन्दा ढिला विवरण पेश गरेमा लाग्ने करको वार्षिक पन्ध्र प्रतिशतका दरले व्याज लाग्नेछ ।

तर कृषि आयमा लाग्ने कर सम्बत् २०७५ सालको साउन महिनादेखिको कृषि आयमा मात्र लाग्नेछ ।

## अनुसूची– ५

(दफा ७ सँग सम्बन्धित)

## पर्यटन शुल्क

**नेपाल सरकारबाट हस्तान्तरण भई आएका र प्रदेशले आफै निर्माण गरेका पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा देहाय अनुसार शुल्क लाग्नेछः**

| सि.नं. | शीर्षक | दर |
|---|---|---|
| १. | प्राचिन स्मारक र पुरातात्त्विक सम्पदा | प्रति टिकट मूल्यको पाँच प्रतिशत |
| २. | संग्रहालय | प्रति टिकट मूल्यको पाँच प्रतिशत |
| ३. | पदमार्ग | प्रति पर्यटक सार्क मुलुकका पर्यटकका लागि यु.एस. डलर पाँच र अन्य मुलुकका पर्यटकका लागि यु.एस. डलर दश |
| ४. | गुफा | प्रति टिकट मूल्यको पाँच प्रतिशत |
| ५. | पार्क, संरक्षण क्षेत्र, शिकार आरक्ष र पिकनिक स्पट | प्रति टिकट मूल्यको तीन प्रतिशत |
| ६. | प्याराग्लाण्डिङ, अल्ट्रालाइट, बञ्जीजम्पिङ् र जीपफ्लायर | वार्षिक एक लाख |
| ७. | रक क्लाइम्बिङ र क्यानोनिङ | वार्षिक बिस हजार |
| ८. | भ्यू टावर | प्रति टिकट मूल्यको तीन प्रतिशत |
| ९. | पर्यटक सेवा शुल्क | प्रदेश सरकारले पर्यटक सेवा सूचना केन्द्र स्थापना गरी उपलब्ध गराउने सेवामा विदेशी |

| | | |
|---|---|---|
| | | पर्यटकको हकमा प्रति पर्यटक एक हजार रुपैयाँ र स्वदेशी पर्यटकलाई दुई सय रुपैयाँका दरले सेवा शुल्क लाग्नेछ । |

(अ) माथि जुनसुकै कुरा लेखिएको भए तापनि विद्यार्थी, अपाङ्गता भएका व्यक्ति र सत्तरी वर्ष भन्दा माथिका जेष्ठ नागरिकलाई लाग्ने शुल्कमा पचास प्रतिशत छुट सहुलियत उपलब्ध हुनेछ।

(आ) माथि सि.नं. ६ र ७ मा उल्लिखित शुल्क आर्थिक वर्ष शुरु भएको तीन महिनाभित्र सम्बन्धित स्थानीय तहमा बुझाउनु पर्नेछ । उक्त शुल्क तोकिएको समयमा दाखिला नगरेमा वार्षिक पन्ध्र प्रतिशतका दरले थप शुल्क लाग्नेछ ।

## अनुसूची– ६

(दफा ८ सँग सम्बन्धित)

**दहत्तर बहत्तर (रोडा, ढुङ्गा, गिट्टी, चिप्स, माटो, बालुवा, चुनढुङ्गा र काठ दाउरामा) मा देहाय बमोजिमको शुल्क लगाई असूल उपर गरिनेछः**

| सि.नं. | शीर्षक | दर (प्रति क्युविक फिट) |
|---|---|---|
| १. | रोडा, गिट्टी, गेग्रान | चार रुपैंयाँ |
| २. | ढुङ्गा, चट्टान, स्लेट | चार रुपैंयाँ |
| ३. | चिप्स | तीन रुपैंयाँ |
| ४. | माटो | दुई रुपैंयाँ |
| ५. | बालुवा | तीन रुपैंयाँ |
| ६. | चुनढुङ्गा | छ रुपैंयाँ |
| ७. | नदी तथा खोलाले बगाएर ल्याएको काठ दाउरा आदि | प्रति किलो दुई रुपैयाँ |

(अ) "ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर, बहत्तर भन्नाले" भन्नाले नदी खोल्सा खोल्सी वन क्षेत्र वा सार्वजनिक वा निजी जग्गाबाट उत्खनन वा संकलन गरिने बहुमूल्य पत्थर, ऐतिहासिक र साँस्कृतिक महत्त्वका शालिग्राम, शीला र अति मूल्यवान वस्तु बाहेकका ढुङ्गा, गिट्टी, बालुवा, रोडा, गेग्रान, चट्टान, माटो, चुनढुङ्गा, स्लेट, जस्ता नदीले बगाई ल्याएको वा थिग्रीएको नदी तथा खानीजन्य प्राकृतिक स्रोतलाई सम्झनु पर्छ ।